# मानमिन समाचार

अंक २५  जुलाई ३१, २०१६


# “कोमामा भएको बिरामी प्रार्थनाद्वारा होसमा आउनुभयो !”

## स्पेनमा आयोजित १३ औं डब्ल्यूसिडिएन (विश्व इसाई चिकित्सकीय सञ्जाल) अन्तर्राष्ट्रिय खीष्टियन चिकित्सा सम्मेलन, जसमा ३३ राष्ट्रका मानिसहरूको सहभागिता थियो




डब्ल्यूसिडिएन को १३ औं अन्तर्राष्ट्रिय खीष्टियन चिकित्सा सम्मेलन (तस्वीर २); डा. तिमोथी स्याङ्ग, डा. डेभिड यू, डा. रोबर्ट वाग्नेर न्याभस, र डा. सिप्पोरा नूमी प्रस्तुति दिनुहुँदै (तस्वीर १, ३, ८, ९); परमेश्वरको कार्यलाई प्रमाणित गने थुप्रै चङ्गाइका घटनाहरू प्रस्तुत गर्नु हुँदै चिकित्सकहरू (तस्वीर ७); डब्ल्यूसिडिएन को संस्थापक डा. जेरक लीको तर्फबाट प्रतिनिधिको रूपमा स्पेनको आयोजक समितिद्वारा प्रदान गरिएको कदर पत्र ग्रहण गर्नु हुँदै डा. गिल्बर्ट यू चोइ (तस्वीर ४), क्रिस्टल गायन समूहका प्रस्तुतिहरू र सहभागीहरू अनि फोटोसेशन (तस्विर ५, ६, १०, ११)।

चिकित्सा आँकडाको आधारमा विश्व खीष्टियन चिकित्सकीय सञ्जाल (डब्ल्यूसिडिएन) ले सृष्टिकर्ता परमेश्वरको शक्ति मार्फत् चङ्गाइका दाबीहरूलाई प्रमाणित गरेको छ। १३ औं डब्ल्यूसिडिएन अन्तर्राष्ट्रिय सम्मेलन, सन् २०१६ सालको जुन महिनाको १०-११ गतेका दिन स्पेनको भ्यालेन्सियामा सम्पन्न भएको थियो।

संयुक्त राज्य अमेरिका, रूस, यू.के., इटाली, पोल्याण्ड, र इस्राएल लगायतका ३३ वटा राष्ट्रहरूबाट ३०० भन्दा बढी चिकित्सक र चिकित्सा क्षेत्रका अनुभवी व्यक्तिहरूले यसमा सहभागिता जनाउनु भएको थियो।

विभिन्न राष्ट्रका मानिसहरू सहभागी हुनुभएकोले गर्दा, यस कार्यक्रमलाई अंग्रेजी, स्पेनिश, रूसी, र इटालियन गरी चारवटा भाषामा अनुवाद गरिएको थियो। पहिलो दिनमा, त्यहाँको स्थानीय स्तुति प्रशंसाको समूहले स्तुति प्रशंसा चढाउनुभएर कार्यक्रमको शुरुवात गर्नु भएको थियो। बिहानीको समर्पण सेवामा डा. जोस ग्यारसियाले अगुवाइ गर्नु भएको थियो। त्यसपछि सहभागी राष्ट्रहरूको परिचय दिइएको थियो र स्पेन संचालन समितिका अध्यक्ष, डा. जुआन कार्लोस सोलन र डब्ल्यूसिडिएन को अध्यक्ष, डा. गिल्बर्ट वाइ. चेइले स्वागत मन्तव्यहरू दिनुभएको थियो र डीभिडी मार्फत् डब्ल्यूसिडिएन का संस्थापक डा. जेरक लीको सेवकाइ प्रस्तुत गरिएको थियो।

तलका प्रस्तुतिहरूमा चङ्गाइका विविध घटनाहरू प्रस्तुत गरिएका छन्: मेरुदण्डको क्षयरोगले गर्दा भएको पक्षाघात र मेरुदण्डको ट्यूमरको कारणले गर्दा भएको पक्षाघात, डा. जयचन्द्र पालसामी (भारत); इन्सेफलाइटिस (संक्रमण वा अन्य कारणले मस्तिष्क सुन्निएको स्थिति), डा. तिमोथी स्याङ्ग (मलेशिया); मेरुदण्डको हड्डी चर्केको, डा. सिप्पोरा नूमी (केन्या); पित्ताशयको पत्थरी, डा. रोबर्ट वाग्नेर न्याभस (कोलम्बिया); बाँझोपना, डा. डेभिड यू (सिंगापुर); नाडीको नशामा भएको समस्या, डा. गिल्बर्ट चेइ (कोरिया); र घुँडाको चोट डा. ब्रायन एस. यो (पृष्ठ ३ र ४ हेर्नुहोस्)।

परमेश्वरले स्वर्गहरू, पृथ्वी र मानवजाति सहित यसमा रहेका सबै कुराहरूको सृष्टि गर्नुभएकोले, उहाँ हरेक प्रकारका रोगहरू वा अशक्ततालाई निको पार्न सक्नुहुन्छ। मलेशियाको डा. तिमोथी स्याङ्गले इन्सिफ्लाइटिसबाट निको भएको एउटा घटना प्रस्तुत गर्नु भएको थियो। उहाँले भन्नुभयो, “मेरो अस्पतालमा भर्ना हुनुभएको एक जना महिला कोमामा जानु भएको थियो। म मलेशियामा आयोजित सम्मेलनमा गएँ र रेभ. हिसन लीले अगुवाइ गर्नुभएको रुमालको प्रार्थना सभामा सहभागी भएँ। बिरामीको तर्फबाट, मैले रेभ. लीको रुमालको प्रार्थना ग्रहण गरेँ, जुन रुमालमा डा. जेरक लीले प्रार्थना गरिदिनु भएको थियो (प्रेरित १९:११-१२)। त्यसपछि, बिरामी होशमा आउनुभयो र शीघ्र स्वास्थ लाभ भयो। हामीले समय र दूरीलाई माथ गर्ने कार्य अनुभव गऱ्यौं।”

डा. एल्विन जे ह्वाङ्ग (कोरिया) को “सृष्टि र विज्ञान”, पास्टर जोस भिक्टर डुगाण्ड (संयुक्त राज्य अमेरिका) को “वैज्ञानिक र आत्मिक संसारको दृष्टकोणबीचको सन्तुलन” र डा. आन्द्रे ग्यासिओरोस्की (इजरायल) को “स्वर्ग” जस्ता विशेष मन्तव्यहरूले पनि सहभागीहरूको ध्यान आकर्षण गरेको थियो। स्पेनको आयोजक समितिले डब्ल्यूसिडिएन को संस्थापक डा. जेरक लीलाई धन्यवादी हृदयका साथ कदर पत्र प्रदान गरेको थियो।

मानमिन केन्द्रीय चर्चको प्रस्तुति समूह, क्रिस्टल गायन समूहले विभिन्न भाषाहरूमा गीत गाउनुका साथै, पंखा नृत्य र परम्परागत स्पेनिश नृत्य लगायतका विविध प्रस्तुतिहरू दिनुभएको थियो। सहभागीहरू अति नै उत्साहित बन्नु भएको थियो र उहाँहरूले उभिएर ताली बजाउँदै परमेश्वरलाई महिमा दिनुभएको थियो। उहाँहरूले यसो भन्नुभयो, “परमेश्वरका कार्यहरू आज पनि प्रकट भइरहेका छन् भनी हामीले देख्न सक्यौं। चिकित्सा आँकडाको प्रयोग गरी ईश्वरीय चङ्गाइका कार्यहरूको प्रमाणिकरणद्वारा हामीले बाइबलको वैधतालाई प्रकट गऱ्यौं। यो अद्भूत र प्रभावशाली थियो।”

डब्ल्यूसिडिएन को मुख्यालय दक्षिण कोरिया रहेको छ, र योचाहिँ खीष्टियन चिकित्सकहरूको अन्तर साम्प्रदायिक संगठन हो। यसले वार्षिक रूपमा सम्मेलनहरू आयोजना गरी, खीष्टियन चिकित्सकहरू बीचको सञ्चार र सहकार्यलाई प्रोत्साहित गरिरहेको छ र परमेश्वरको राज्यको निम्ति काम गरिरहेको छ। सन् २०१७ सालमा १४ औं सम्मेलन, रूसमा आयोजना हुनेछ।

अंक २५ जुलाई ३१, २०१६ मानमिन समाचार

## प्रभुको सन्देश श्रृंखला – (२५)

# अनन्त जीवन (२): मानिसको पुत्रको देह खानु र रगत पिउनु (२)



डा. जेरक ली

"येशूले तिनीहरूलाई भन्नुभयो, 'साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले मानिसको पुत्रको देह खाएनौ, र उसको रगत पिएनौ भने, तिमीहरूमा जीवन हुँदैन । मेरो देह खाने र मेरो रगत पिउनेसित अनन्त जीवन छ, र अन्त्यको दिनमा म त्यसलाई जीवित पार्नेछु । किनभने मेरो देह साँच्चै खानेकुरो हो, र मेरो रगत साँच्चै पिउने कुरो हो ।'" (यूहन्ना ६:५३-५५)

हाम्रो विश्‍वासी जीवनमा, येशू ख्रीष्ट मानिसजातिको मुक्तिदाता हुनुहुन्छ र स्वर्ग र नरक छ भन्ने कुराको ज्ञान हुँदैमा, हामीले मुक्ति प्राप्त गर्न सक्दैनौं; हामीले मानिसको पुत्रको देह खायौं र रगत पियौं भने मात्र हामीले अनन्त जीवन प्राप्त गर्न सक्छौं ।

त्यसैकारण येशूले हामीलाई यूहन्ना ६:५३ मा भन्नुभएको छ, "तिमीहरूले मानिसको पुत्रको देह खाएनौ, र उसको रगत पिएनौ भने, तिमीहरूमा जीवन हुँदैन," र त्यो अनन्त जीवन मानिसको पुत्रको देह खाँदा र उहाँको रगत पिउँदा मात्र सम्भव हुँदछ ।

हामीले मानिसको पुत्रको देह कसरी खान सक्छौं र रगत कसरी पिउन सक्छौं ?

### १. जब हामी मानिसको पुत्रको देह, अर्थात् परमेश्‍वरको वचनलाई आफ्नो भोजन बनाउँदछौं तब हाम्रो हृदय सत्यताले भरिनेछ

जसरी बाँच्नको लागि हामीले खाना खानु र पानी पिउनु पर्दछ, त्यसरी नै हामीले मानिसको पुत्रको देहलाई हाम्रो भोजन बनाउनको लागि हामीले मानिसको पुत्रको रगतलाई पिउनु आवश्यक हुँदछ । अर्को शब्दमा भन्नुपर्दा, हामीले परमेश्‍वरका वचनलाई लगनशील भएर सुनेर र पढेर परमेश्‍वरको बारेमा ज्ञानमात्र बटुल्ने नभई, हामीले वचनलाई हाम्रो भोजन बनाउनु पर्दछ, जसले गर्दा त्यो हाम्रो हृदयमा खोपिएर रहनेछ ।

त्यसोभए, "परमेश्‍वरको वचनलाई भोजन बनाएर हृदयमा राख्नु" र "उहाँको वचनलाई ज्ञानको रूपमा भण्डार गर्नु" बीच के भिन्नता छ ? मस्तिष्कमा भण्डार गरिएको कुनै पनि जानकारी बिर्सन सकिन्छ र साथै हामीलाई सत्यता "थाहा" छ भन्दैमा, हामी सत्यतामा रहेर कार्य गर्नेछौं र सत्यतामा रही जीवन जिउनेछौं भन्ने निश्‍चित हुँदैन ।

बाइबल अध्ययन गर्ने क्रममा, हामीले पदहरूलाई हाम्रो मुखद्वारा कण्ठस्थ पार्ने मात्र नभई तिनमा मनन गर्न पनि प्रयास गर्नुपर्दछ । उदाहरणका लागि, यदि हामीले मत्ती ५:४४ मा रहेको -"आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिमीहरूलाई सताउनेहरूका निम्ति प्रार्थना गर"- भन्ने परमेश्‍वरको वचनलाई हाम्रो भोजन बनाएका छौं भने, हामीले त्यो वचनलाई हाम्रो जीवनमा लागू गर्नु पर्दछ ।

शत्रुले हामीलाई खराबी गरेर सताएतापनि, परमेश्‍वरको वचन अनुसार हामी उसलाई प्रेम गर्न र उसको निम्ति प्रार्थना समेत गरिदिन सक्छौं । यदि हामी परमेश्‍वरको वचनलाई केवल ज्ञानको रूपमा मस्तिष्कमा मात्र राख्दछौं भने, हाम्रो हृदय विचलित हुनेछ र हामी अरूलाई समेत घृणा गर्न सक्नेछौं, जसले गर्दा हामी खराबीको बदला खराबी गर्नेछौं । यद्यपि, यदि हामी परमेश्‍वरको यस आज्ञालाई हाम्रो भोजन बनाउँदछौं भने, प्रेम र दया हामीभित्रबाट भएर बग्न थाल्दछ ।

हामीले जति मात्रामा मानिसको पुत्रको देहलाई हाम्रो भोजन बनाउँदछौं, त्यति नै मात्रामा असत्यताको दाग लागेको हाम्रो कालो हृदय शुद्ध र सफा हृदयमा परिवर्तन हुनेछ । हामीले जतिजति प्रेम र नम्रतालाई हाम्रो भोजन बनाउँदछौं, त्यति नै मात्रामा हामी घृणा र रिसबाट छुटकारा पाउनेछौं र जब हामी नम्रतालाई निरन्तर हाम्रो भोजन बनाउँदछौं, तब हामी अहङ्कारलाई त्याग्न सक्नेछौं ।

### २. मानिसको पुत्रको देह खाने र रगत पिउने काम सँगसँगै गरिनुपर्दछ

परमेश्‍वरको वचनलाई हाम्रो भोजन बनाउनको लागि, पवित्र आत्माको प्रेरणामा धर्मशास्त्र बारे ज्ञान हासिल गर्नुका साथै हार्दिक प्रार्थनाका साथ परमेश्‍वरको अनुग्रह र सामर्थ्य प्राप्त गर्नु पनि आवश्यक छ । यसका साथै परमेश्‍वरको वचनलाई सही तवरले बुझी त्यसलाई व्यवहारमा उतार्ने व्यक्तिगत प्रयास पनि आवश्यक हुन्छ । यो नै मानिसको पुत्रको रगत पिउने कार्य हो ।

तसर्थ, "मानिसको पुत्रको रगत पिउनु" ले परमेश्‍वरको वचनलाई व्यवहारमा उतार्ने कार्यलाई जनाउँदछ । परमेश्‍वरको वचनलाई लगनशील भएर सुन्न, त्यसलाई मनन गर्न र हार्दिकताका साथ प्रार्थना गर्नको लागि हामीले जति सुकै समय र सामर्थ्य खर्चेतापनि, यदि हामी आफूले सुनेका, मनन गरेका र प्रार्थना गरेका कुराहरूलाई व्यवहारमा उतार्दैनौं भने गरेका सबै परिश्रमहरू व्यर्थ हुनेछन् ।

परमेश्‍वरको वचनलाई चार भागमा विभाजन गर्न सकिन्छ । ती हुन् "राख," "फाल," "गर" र "नगर" र हामीले ती हरेक आज्ञा पालन गर्नु पर्दछ । आज्ञाकारिताका कार्यहरू विना, हामीले परमेश्‍वरका कार्यहरू अनुभव गर्न सक्ने छैनौं र परमेश्‍वरका कार्यहरूलाई आफैले अनुभव नगरेसम्म, हामीमा केवल ज्ञानरूपी विश्‍वास मात्र हुनेछ ।

याकूब २:२२ ले हामीलाई, "तिमी देख्तछौ, कि तिनमा कामहरू सँगसँगै विश्‍वास क्रियाशील थियो कामद्वारा नै विश्‍वास पूर्ण भएको थियो" भनी भनेझैं, जब हामी परमेश्‍वरलाई विश्‍वासका कामहरू देखाउँदछौं, तब ज्ञानरूपी विश्‍वास आत्मिक विश्‍वासमा परिवर्तन हुनेछ । रायोको दाना जस्तो सानो विश्‍वास भएको व्यक्तिले पनि, यदि आफ्ना विश्‍वासका कार्यहरू परमेश्‍वरलाई देखाउँदछ भने, त्यस व्यक्तिको विश्‍वास ठूलो विश्‍वासमा वृद्धि होस् भनी, परमेश्‍वर उसलाई उहाँको अनुग्रह, शक्ति र कार्यहरू अनुभव गर्न दिनुहुन्छ ।

अर्कोतिर, जब हामी परमेश्‍वरको वचनमा भरोसा राख्दछौं र यसलाई हाम्रो जीवनका हरेक पक्षहरूमा लागू गर्दछौं, तब हामी "परिपक्‍व मानिस बनी ख्रीष्टका पूर्णताको नापसम्म पुग्नेछौं" (एफिसी ४:१३) र हामीले परमेश्‍वरको वचनलाई पूर्ण रूपमा हाम्रो भोजन बनाई हाम्रो हृदयमा राख्न सक्नेछौं ।

अर्कोतिर, हामीले पवित्र आत्मा प्राप्त गरी हामीमा रायोको दाना जत्रो विश्‍वास भएतापनि, यदि हामी परमेश्‍वरका आज्ञाहरूलाई व्यवहारमा लागू गर्दैनौं भने, हामीले आत्मिक कुराहरू अनुभव गर्न सक्नेछैनौं वा हामीले जति नै लामो समयसम्म विश्‍वासी जीवन जिएतापनि, हाम्रो हृदय सत्यतामा परिवर्तन हुन सक्दैन । परिस्थिति अझै खराब भएको खण्डमा, हामीले हाम्रो विश्‍वास गुमाउनेछौं र हामी विश्‍वासबाट टाढिनेछौं, त्यसैकारण मानिसको पुत्रको रगत पिएर तपाईंहरूले आफ्नो विश्‍वासलाई सिद्ध बनाउनु भएको होस् भनी म तपाईंहरू प्रत्येकलाई आग्रह गर्दछु ।

### ३. काम विनाको विश्‍वास मृत हुन्छ

हामीले परमेश्‍वरको वचन अनुसार जिएको खण्डमा, यस जीवनका साथै आउने जीवनमा समेत आशिष् पाउनेछौं भनी परमेश्‍वरले हामीलाई प्रतिज्ञा गर्नुभएको छ । थपअझ, यदि हामी जीवनका हरेक पाइलाहरूमा परमेश्‍वरमा मात्र भरोसा गर्दछौं भने, हाम्रो जीवनका हरेक समस्याहरूलाई समाधान गरिदिने प्रतिज्ञा उहाँले गर्नुभएको छ ।

यदि कसैले परमेश्‍वरका यस्ता प्रतिज्ञाहरूमा भरोसा गर्नुहुन्छ भने, त्यस व्यक्तिको विश्‍वास निश्‍चय नै कामहरूमा पनि देखिनेछन् । मानौं कसैले तपाईंलाई वाशिंगटन, डि.सी. मा लाखौं डलर मूल्य बराबरको गाडधन छ, र यदि तपाईं न्यूयोर्क शहर देखि पैदलै हिँड्नुभएर ३३१ किलोमिटर (लगभग २०६ माइल) दूरी पार गर्नु भई त्यहाँ पुग्नुभयो भने, त्यो तपाईंको हुनेछ भनी प्रतिज्ञा गर्‍यो । यदि तपाईं साँच्चै त्यो गाडधन प्राप्त गर्न चाहनुहुन्छ र त्यो भन्ने व्यक्ति भरोसायोग्य छ भने, तपाईं न्यूयोर्कदेखि वाशिंगटनसम्म हिँडेर जानु हुनेछ ।

त्यसै कारणले गर्दा, याकूब २:२६ को दोस्रो भागले हामीलाई "विश्‍वास पनि कामहरूदेखि अलग हुँदा मरेको हुन्छ" भनी स्मरण गराएको छ । धेरै मानिसहरू "म सर्वशक्तिमान् परमेश्‍वरमा विश्‍वास गर्छु" भनी भन्ने गर्दछन्, तर तिनीहरूले उहाँमा पूर्ण रूपमा विश्‍वास नगरेको हुनाले, तिनीहरूले कार्यहरू सहितको विश्‍वास देखाउन सक्दैनन् । परमेश्‍वरको वचनमा लेखिएझैं, केवल काम सहितको विश्‍वासले मात्र हामीलाई मुक्ति दिन सक्छ र परमेश्‍वरबाट आशिष् र उत्तरहरू ल्याउन सक्छ ।

केही मानिसहरू रोमी १०:१३ मा भएको "प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ" भन्ने वचनलाई उद्धृत गर्दै पापकर्ममा लागेका मानिसहरूसमेत बाँच्न सक्नेछन् भन्दै आफ्ना पापमय कार्यहरूलाई न्यायसङ्गत ठहराउन प्रयास गर्दछन् । यद्यपि, यस पदले येशू ख्रीष्टमार्फत् पापीहरूलाई बचाउने परमेश्‍वरको अपार प्रेमलाई व्यक्त गर्दछ र पापकार्य गर्नेहरूलाई न्यायसङ्गत ठहऱ्याउन यसलाई प्रयोग गर्नु हुँदैन ।

परमेश्‍वरका वचनहरूको पनि जोडी पद हुँदछन्, बाइबलमा हामीले त्यस सन्दर्भसित सुहाउँदो हरेक उपयुक्त पदहरू हेर्नु पर्दछ र पवित्र आत्माको प्रेरणामा धर्मशास्त्रको व्याख्या सही तवरले व्याख्या गरेको खण्डमा मात्र हामीले सही समझ प्राप्त गर्न सक्छौं । रोमी १०:९-१० ले हामीलाई भन्दछ, "किनकि यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुखले स्वीकार गर्‍यौ, र परमेश्‍वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्‍वास गर्‍यौ भने तिम्रो उद्धार हुनेछ । किनकि मानिसले आफ्नो हृदयले विश्‍वास गर्छ र ऊ निर्दोष ठहरिन्छ, अनि उसले आफ्नो मुखले स्वीकार गर्छ र उद्धार पाउँछ ।" वास्तवमा रोमी १०:१३ ले धार्मिकताको मार्गमा चल्नेहरूले मात्र प्रभुको नाउँ पुकार्दा उद्धार पाउनुहुनेछ भन्ने आत्मिक अर्थ दिँदछ ।

त्यसोभए बाइबलले हामीलाई, "किनकि मानिसले आफ्नो हृदयले विश्‍वास गर्छ र ऊ निर्दोष ठहरिन्छ" भनी भन्नु पछाडिको अर्थ रहेको छ त ? रोमी २:१३ मा हामी यस्तो लेखिएको पाउँदछौं "किनकि व्यवस्था सुन्नेहरू परमेश्‍वरको सामुन्ने धर्मी ठहरिँदैनन्, तर व्यवस्था पालन गर्नेहरू धर्मी ठहरिनेछन् ।" अर्को शब्दमा, जब हामी आफूले सुनेको परमेश्‍वरको वचनलाई हाम्रो हृदयदेखि नै विश्‍वास गर्दछौं, तब हामी उहाँका वचनअनुसार जिउनेछौं, र त्यसले हामीलाई "न्यायोचित" ठहराउने छ र पछि हामीलाई "निर्दोष ठहराउने" छ ।

ख्रीष्टमा रहनुभएका दाजुभाइ तथा दिदी बहिनीहरू, तपाईंहरूले लगनशील हुनुभएर मानिसको पुत्रको देह खानुभई र रगत पिउनुभई, तपाईंहरू हरेकले विश्‍वासका कार्यहरूद्वारा परमेश्‍वरलाई खुशी बनाउनुभएको होस् र जीवनका हरेक पक्षहरूमा तपाईंहरूको उन्नति भएको होस् भनी, हाम्रा प्रभु येशू ख्रीष्टको नाम म प्रार्थना गर्दछु !

WCDN SPAIN 2016

# चिकित्सा आँकडाहरू मार्फत् परमेश्वरका महान् चङ्गाइका कार्यहरूको पुष्टि

सन् २०१६ सालको जुन महिनाको १०-११ तारिखका दिन स्पेनको भ्यालेन्सियामा, १३ औं डब्ल्यूसिडिएन (विश्व इसाई चिकित्सकीय सञ्जाल) अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न भएको थियो । यहाँ हामी डा. जेरक लीको प्रार्थना मार्फत् परमेश्वरको शक्ति अनुभव गर्नुभएका विश्वासीहरूका गवाहीहरू हेरौं ।

## गर्भधारणको आशिष्; परमेश्वरले उहाँको गर्भ खोलिदिनु भयो

"तिनी बाँझी भएकी हुनाले इसहाकले आफ्नी पत्नीको निम्ति परमप्रभुसँग प्रार्थना गरे । तब परमप्रभुले उनको प्रार्थना सुन्नुभयो, र रिबेका गर्भवती भइन्" (उत्पत्ति २५:२१) ।

सृष्टिकर्ता परमेश्वरले मात्र सन्तानको आशिष् दिनसक्नुहुन्छ । यदि तपाईं निसन्तान हुनुहुन्छ भने, तपाईंले परमेश्वर विरुद्धको पापको पर्खाल भत्काउनुभएर शक्तिशाली पास्टरबाट प्रार्थना ग्रहण गर्नुभएको खण्डमा, तपाईंले गर्भधारणको आशिष् प्राप्त गर्न सक्नुहुनेछ ।



एल्डर बुशाम किम विवाहको सात वर्षसम्म पनि निसन्तान हुनुहुन्थ्यो । उहाँ र उहाँकी श्रीमतीले सम्भव रहेसम्म हर प्रकारका औषधि उपचारका पद्दतिहरू अपनाउनु भयो, तर ती सबै व्यर्थ भए । त्यही समयमा कसैले उहाँहरूलाई मानमिन केन्द्रीय चर्चमा डोऱ्याउनुभयो र उहाँहरूले डा. जेरक लीबाट परमेश्वरको वचन सुन्नुभयो । २००७ सालको जनवरीमा, गर्भधारणको आशिष् प्राप्त गर्नको लागि उहाँहरूले डा. लीबाट प्रार्थना ग्रहण गर्नुभयो । अनि त्यही सालको नोभेम्बरमा उहाँहरूले एकदमै राम्री छोरी प्राप्त गर्न सक्नुभयो ।



डिकन मुनहङ्ग किम पनि विवाहको छ वर्षसम्म निसन्तान हुनुहुन्थ्यो, त्यसैले उहाँ र उहाँकी श्रीमतीले सबै प्रकारका चिकित्सकीय पद्दतिहरू अपनाउनु भएको थियो । तर ती सबै पद्दतिहरू निस्फल नै रहे । सन् १९९९ को अक्टोबरमा, उहाँकी श्रीमतीले डा. लीको प्रार्थना ग्रहण गर्नुभयो र उहाँको शिर अनि शरीरमा पवित्र आत्माको आगो आएको अनुभव गर्नुभयो । त्यसको लगत्तै उहाँले गर्भधारणको आशिष् पाउनुभयो र २००० सालको अगस्टमा उहाँले एक स्वस्थ बालकलाई जन्म दिनुभयो ।



पास्टर सुही यिम विवाह भएको १३ वर्षसम्म पनि निसन्तान हुनुहुन्थ्यो । उहाँले त्यसको कारण पत्ता लगाउन प्रयास गर्नुभयो तर सक्नु भएन । त्यसपछि उहाँ र उहाँको श्रीमान्ले बच्चा पाउने आशा त्यागिदिनुभयो र उहाँहरूले धर्म पुत्र/पुत्री पाल्ने सोचाइ बनाउनुभयो ।

सन् २००७ मा, उहाँकी सासूले उहाँलाई मानमिन केन्द्रीय चर्चमा डोऱ्याउनु भयो र त्यहाँ उहाँले डा. लीको प्रार्थना मार्फत् थुप्रै दम्पतीहरूले सन्तान गर्भधारण गर्नुभएको देख्नुभयो । उहाँले पनि प्रार्थना ग्रहण गर्नुभयो, तर उहाँले विश्वासका साथ प्रार्थना ग्रहण नगर्नुभएकोले गर्दा उहाँले गर्भधारण गर्न सक्नुभएन । उहाँ र उहाँको श्रीमान्ले एक आपसमा शान्ति कायम नगरुञ्जेल र उहाँहरूमा विश्वास नहोउञ्जेल सम्म परमेश्वरले पर्खनुभयो । र अन्तमा जब उहाँहरूले विश्वासका साथ प्रार्थना ग्रहण गर्नुभयो, तब उहाँहरूले गर्भधारणको आशिष् पाउनुभयो र एक स्वस्थ छोरा जन्माउनुभयो ।



भाइ प्रमोद कुमारकी पत्नीमा थाइरोइडको समस्या थियो, जसले गर्दा उहाँको गर्भ थुप्रैचोटि तुहिएको थियो । उहाँले झारफूक गर्ने व्यक्तिसित सहायता माग्नुभयो र परम्परागत भारतीय चिकित्सा पद्दतिमा भर पर्नुभयो । तर ती सबै व्यर्थ भए । सन् २०१३ मा, त्यो दम्पती भारतका रहेको दिल्ली मानमिन चर्चमा डोऱ्याइनुभयो । सन् २०१४ को जुलाईमा, उहाँहरूले कोरियामा डा. जेरक लीलाई तस्वीर सहित प्रार्थनाको अनुरोध पठाउनुभयो । उहाँहरूले डा. जेरक लीबाट समय र दूरीलाई माथ गर्ने प्रार्थना ग्रहण गर्नु भएपछि, उहाँकी श्रीमतीले गर्भधारण गर्न सक्नुभयो र विवाह भएको १४ वर्ष पश्चात् उहाँले सन्तान जन्माउन सक्नुभयो ।



बहिनी साटो हिरोमीको विवाह भएको धेरै वर्ष भएतापनि उहाँ निसन्तान हुनुहुन्थ्यो, त्यसैकारण उहाँले निसन्तान उपचार केन्द्रहरूमा जानुभई चिकित्सा उपचार पद्दति अपनाउनु भएको थियो । तर त्यसले कुनै समाधान दिएन । सन् २०१३ को फेब्रुअरीमा, उहाँले कोरिया भ्रमणमा जान लाग्नुभएको पास्टर मियाको डो किक्कुचीलाई आफ्नो तस्वीर र भेटीहरू दिनुभई आफ्नो निम्ति डा. जेरक लीको प्रार्थना ग्रहण गरिदिन आग्रह गर्नुभयो । समय र दूरीलाई माथ गर्ने प्रार्थना ग्रहण गर्नु भएपछि सन् २०१३ को मे मा, उहाँले गर्भधारण गर्न सक्नुभयो । अन्ततः, उहाँले एउटा सुन्दर छोरी जन्माउनुभयो ।



भाइ जोन बाबु समस्यामा हुनुहुन्थ्यो; विवाह भएको ४ वर्षसम्म पनि उहाँको कुनै सन्तान थिएन । सन् २००८ मा, उहाँले इण्डियाको चेन्नाइ मानमिन चर्चमा प्लम्बिङ्ग र इलेक्ट्रिसियनको काम गर्न थाल्नुभयो । त्यही समयमा उहाँले परमेश्वरका उदेकका कार्यहरू अनुभव गरिरहनुभएका चर्चका सदस्यहरूका गवाहीहरू सुन्नुभयो । सन् २०१० को डिसेम्बरमा, उहाँ चेन्नाइ मानमिन चर्चमा आयोजित रुमालको चङ्गाइ सभामा सहभागी हुनुभयो र रुमालको प्रार्थना ग्रहण गर्नुभयो (प्रेरित १९:११-१२) । प्रार्थनापछि, सन् २०११ को फेब्रुअरीमा उहाँकी पत्नीले गर्भधारण गर्नुभयो । अनि त्यही वर्षको नोभेम्बरमा, उहाँले एक सुन्दर छोरीलाई जन्मदिनु भयो ।



बहिनी होर्टेन्सी बेन्डोमले सन् १९९८ मा विवाह गर्नुभएको थियो र उहाँकी एउटी छोरी हुनुहुन्थ्यो । तर रुबेला भाइरसको संक्रमण पश्चात् उहाँले गर्भधारण गर्न सक्नुभएन । सन् २००८ मा, उहाँले किंशासा मानमिन चर्चमा दर्ता गराउनुभयो र सन् २००९ मा प्रार्थना केन्द्रको अध्यक्ष बुकमिन लीले गणतन्त्र कंगोमा आयोजना गर्नु भएको क्रुसेडमा सहभागी हुनुभयो । उहाँले गर्भधारण गर्न सकूँ भन्ने तीव्र इच्छाका साथ बुकमिन लीबाट रुमालको प्रार्थना ग्रहण गर्नुभयो (प्रेरित १९:११-१२) । त्यसपछि उहाँले गर्भधारण गर्न सक्नुभयो र बालक जन्माउनु भयो । त्यसपछि उहाँले जुम्लिया छोरीहरू पनि जन्माउनुभयो । अहिले उहाँ चार छोराछोरीहरूकी आमा बन्नुभएको छ ।



## समय र दूरीलाई माथ गर्ने प्रार्थनाद्वारा

"....'हे प्रभु, तपाईंलाई मेरो घरमा स्वागत गर्ने योग्यको म छैनँ । तर वचन मात्र बोलिदिनुहोस्, र मेरो नोकर निको हुनेछ । किनकि म पनि अधिकारीहरूका अधीनमा छु, अनि मेरो अधीनमा सिपाहीहरू छन् ।' ... तब येशूले कप्तानलाई भन्नुभयो, "जाऊ, जस्तो तिमीले विश्वास गरेका छौ, त्यस्तै तिमीलाई होस् ।" अनि त्यो नोकर त्यही घडी निको भयो" (मत्ती ८:८-१३) ।

## शक्तिको रुमालको प्रार्थनाद्वारा

"परमेश्वरले पावलको हातबाट असाधारण आश्चर्य कामहरू गर्नुभयो, यहाँसम्म कि रूमाल अथवा पछ्यौरा तिनको शरीरमा छुवाएर बिरामीहरूकहाँ लगिन्थे, र तिनीहरूका शरीरबाट रोग जान्थे र दुष्टात्मा पनि निस्कन्थे" (प्रेरित १९:११-१२)


## गोडाको कुरकुरे हाड र अस्थि बंधहरू पुनः सिर्जित भए

जेहोङ्ग पार्क, बर्ष ४८, दक्षिण कोरिया



युवा अवस्थामा, फुटबल प्रतिभाको कारण कुशल खेलाडी बन्ने सम्भावना उहाँमा थियो । यद्यपि, लगातारको अभ्यास र गोडाको चोटको कारणले गर्दा उहाँले फुटबल खेललाई परित्याग गर्नु पऱ्यो । उहाँका गोडाहरू अझ चोट ग्रस्त भए र खुट्टाहरूको पीडा र ऐंठनको कारण उहाँ मध्य रातमा समेत ब्यूँझने गर्नुहुन्थ्यो । कसैले उहाँका दुवै खुट्टाका मांसपेशीहरूलाई बट्टारेझैं र ठूलो सियोले उहाँका गोडाहरूलाई घोचेझैं गरी उहाँले अधिक पीडा महसुस गरिरहनु भएको थियो ।

सन् २०१४ को जुलाईमा, कसैले उहाँलाई चुन्चन मानमिन चर्चमा आयोजित रुमालको प्रार्थना सभामा डोऱ्याउनुभयो (प्रेरित १९:११-१२) । रेभ. हिसन लीले रुमालको साथ उहाँको निम्ति प्रार्थना गरिदिनुभयो, त्यसपछि उहाँले आफ्नो गोडा खुम्च्याउन सक्नुभयो र सजिलैसित उभिन सक्नुभयो । पहिले उहाँका गोडाहरू र मांसपेशीहरूबाट चर्किन र च्यातिन लागेको जस्तो आवाज आउने गर्दथ्यो । तर प्रार्थना पश्चात्, त्यस्तो आवाज आउन पनि बन्द भयो । सभापछि, उहाँ भवनको तेस्रो तल्लादेखि दौडिएर भवनको तल्लो भागमा आउनुभयो । यस क्रममा उहाँले कुनै पनि पीडा महसुस गर्नुभएन । उहाँले आफ्ना खुट्टा र घुँडाहरूमा कुनै पनि पीडा महसुस गर्नु भएन ।



प्रार्थना गर्नु अघि, घुँडाको जोर्नी संकीर्ण भएको थियो र घुँडाको हड्डीको भित्री तन्तु पातलिएको थियो ।
प्रार्थनापछि, फिलाको हड्डी र पिंडलीको हड्डीलाई जोड्ने तन्तु (पोस्टेरियोर क्रुसियट लिगामेन्ट) र घुँडाको भाग र तन्तुहरु निको भएका छन् ।



## इन्सेफ्लाइटिसको कारण उहाँ कोमामा जानुभएको थियो, तर प्रार्थनाले उहाँलाई त्यसबाट जगाएको छ !

सुश्री चाइ स्वी यून, वर्ष ३२, मलेशिया



सन् २०१५ सालको मे १४ मा, टाउको दुखाइ, ज्वरो, र वाकवाकीले ग्रस्त हुनुभएकी, सुश्री चाइ स्वी यूनलाई हेर्ने जिम्मा अस्पतालले डा. तिमोथी स्याङ्गलाई दियो। उहाँको सीटी स्क्यान गरिएको थियो र यसले उहाँलाई इन्सिफ्लाइटिस भएको छ भनी देखायो। मे १५ को बिहानीमा, उहाँ अचानक कोमामा जानुभयो। उहाँ निको हुने कुरामा डा. स्याङ्गलाई शंका थियो।

त्यसको भोलिपल्ट, डा स्याङ्गले क्वालालम्पुरमा आयोजित १२ औं डब्ल्यूसिडिएन मलेशिया अन्तर ाष्ट्रिय ख्रीष्टियन चिकित्सा सम्मेलनमा भाग लिनुभयो। चङ्गाइ सभामा उहाँले चाइ स्वी यूनको लागि रे भ. हिसन लीबाट रुमालको प्रार्थना ग्रहण गर्नु भयो (प्रेरित १९:११-१२)।

त्यसै रात, चाइ स्वी यूनले सपना देख्नुभयो। प्रभुले उहाँलाई भेट्नु भयो र उहाँ ज्योतिमा देखा पर्नुभयो र मुस्कुराउनु भयो। त्यसपछि उहाँ बिउँझनुभयो र उहाँको होस फर्कियो। हाल्लेलूयाह !





प्रार्थना गर्नु अघि, मस्तिष्क फैलिएर सुन्निएको अवस्था (माथिल्लो), तर प्रार्थनापछि यो निको भएर गयो (तल)।

## मेरुदण्डको क्षयरोगको कारण उहाँलाई पक्षाघात भएको थियो, तर अहिले उहाँ गाडी चलाउन सक्ने गरी स्वस्थ हुनुभएको छ !

बनवारी लाल, वर्ष ४७, भारत



सन् २०१२ मा, बनवारी लाललाई मेरुदण्डको क्षयरोग भएको पत्ता लाग्यो र त्यसले गर्दा उहाँले तीव्र पीडा पनि भोगिरहनु भएको थियो। उहाँको शल्यक्रिया गरियो, तर त्यसले परिस्थितिमा कुनै सुधार ल्याएन। उहाँको कम्मरमुनिको भागमा पक्षघात भएको थियो, त्यसैकारण उहाँ आफै ओछ्यानबाट उठ्न सक्नुहुन्नथ्यो र शौचालय समेत जान सक्नुहुन्नथ्यो। उहाँ जतिबेलामा पनि ओछ्यान मै पल्रिरहनु हुन्थ्यो।

तब, एकदिन दिल्ली मानमिन चर्च जहाँ उहाँको छोरा जाने गर्नुहुन्थ्यो, त्यस चर्चका पास्टर जोन एस. किम, उहाँलाई भेट्न जानुभयो र डा. जेरक ली ले प्रार्थना गरिदिनुभएको रुमालद्वारा उहाँको निम्ति प्रार्थना गरिदिनुभयो। रुमालको प्रार्थना ग्रहण गर्दै जाँदा, उहाँको अवस्थामा सुधार हुँदै जान थाल्यो (प्रेरित १९:११-१२)। उहाँले यस चर्चमा दर्ता गराउनुभयो, विश्वासी जीवन शुरु गर्नुभयो र जिसिएन टिभी मार्फत् डा. लीले गर्नुभएको बिरामीको लागि प्रार्थना ग्रहण गर्नुभयो। अहिले उहाँ पूर्ण रूपमा निको हुनुभएको छ। हाल्लेलूयाह ! आजभोलि उहाँ ओटो रिक्सा चलाउनुहुन्छ र आइतबारको दिनमा स्वयम् सेवकको रूपमा विश्वासीहरूलाई चर्च ल्याउने लैजाने काम गर्नुहुन्छ।





उहाँ निको हुनुभन्दा अघिको एमआरआईः क्षयरोगको कारण प्रभावित मेरुदण्डको दोस्रो र तेस्रो खण्डको हड्डी (थोर्‍यासिक भर्टिब्रा)

## परमेश्वरको शक्तिद्वारा पित्ताशयमा भएको पत्थरी हराएर गयो


सुश्री मारिया मकाउडो, वर्ष २२, पेरु



सन् २०१४ सालको सेप्टेम्बर महिनामा, उहाँको पेटमा तीव्र पीडा भयो र धेरै महिनासम्म यो पीडा रहिरह्यो। उहाँले स्वास्थ्य परीक्षण गराउनुभयो र उहाँलाई जाँच्ने चिकित्सकले उहाँको पित्ताशयमा १६ मि.मि. आकारको पत्थरी छ भनी भन्नुभयो। उहँले पेरु मानमिन चर्चको आफ्नो पास्टरलाई आफ्नो निम्ति रुमालद्वारा प्रार्थना गरिदिन आग्रह गर्नुभयो (प्रेरित १९:११-१२)। प्रार्थनापछि, त्यो पीडा हटेर गयो र वाकवाक लाग्न पनि बन्द भयो।

यद्यपि, सन् २०१५ सालको जनवरीमा, उहाँले फेरि अल्ट्रासाउण्ड गराउनुहुँदा, चिकित्सकले त्यो पत्थरी बढेर १८.२ मि.मि. भएको छ भनी भन्नुभयो। त्यसैले उहाँले विगतमा आफूमा रहेका सबै खराब विचारहरू र भावनाहरूका निम्ति पश्चात्ताप गर्न थाल्नुभयो। त्यसपछि, उहाँले सपनामा सिनियर पास्टर डा. जेरक लीलाई देख्नुभयो। सपनामा सिनियर पास्टरले आफ्नो हात उहाँको बिरामी भागमा राखिदिनु भएर उहाँको निम्ति प्रार्थना गरिदिनुभएको थियो।

त्यसपछिको अल्ट्रासाउण्डको रिपोर्टले उहाँलाई अचम्भित तुल्यायो, त्यसले पित्ताशयमा भएको पत्थरी हराएर गएको र उहाँ पूर्ण रूपमा निको हुनुभएको देखायो।



पित्ताशयमा भएको, १८.२ मि.मि. आकारको पत्थरी हराएर गयो।

## रुमालको प्रार्थनाद्वारा उहाँको मेरुदण्डको चर्केको हड्डी निको भयो


जेकब ओटिनो ओज्वाङ्ग, वर्ष २७, केन्या



सन् २०१५ सालको मार्च २३ मा, उहाँ चार मीटर अग्लो एक संरचनाको छतमा काम गरिरहनु भएको थियो। अचानक, त्यस संरचनामा जडान गरिएको केही काठ भाँच्चियो र उहाँ भुइँमा खस्नुभयो। उहाँको ढाडमा यति धेरै पीडा भयो कि, उहाँलाई चलहल गर्न र सास फेर्न नै गाह्रो भयो। एक्स-रेको रिपोर्टले उहाँको मेरुदण्डको हड्डी चर्कोको छ भनी देखायो। उहाँको शल्यक्रिया गर्नु पर्ने भयो।

त्यसको भोलिपल्ट, उहाँले नाइरोबी मानमिन चर्चका बिशप डा म्योङ्हो चङ्गबाट रुमालसहितको प्रार्थना ग्रहण गर्नुभयो (प्रेरित १९:११-१२)। उहाँले पक्षघात भएका आफ्ना खुट्टाहरू र कम्मरमा केही कुरा महसुस गर्नुभयो। विस्तारै विस्तारै उहाँका खुट्टाहरूको दुखाइ कम हुँदै गए। उहाँले आफ्ना खुट्टाहरू चलाउन सक्नुभयो। मार्च ३१ मा, उहाँ विश्वासका साथ अस्पतालबाट निस्की आउनुभयो। त्यसको भोलिपल्ट, डा. चङ्गबाट फेरि प्रार्थना ग्रहण गरेपछि, उहाँले सामर्थ्य प्राप्त गर्नुभयो र खाटबाट उठ्नुभयो, खडा हुनुभयो र आफै हिँड्न थाल्नुभयो !

उहाँ चाँडै निको हुनुभयो, र अप्रिल २३ मा उहाँ पहिले जस्तै काममा जान थाल्नुभयो।



प्रार्थना गर्नु अघि (माथिल्लो)
प्रार्थना पछि (तल्लो)

## विश्वासको स्वीकारोक्ति

१. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि बाइबल परमेश्वरद्वारा दिइएको सिद्ध र त्रुटिरहित वचन हो।
२. मानमिन केन्द्रिय मण्डली त्रिएक परमेश्वर : पवित्र पिता परमेश्वर, पवित्र पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वरको एकत्व र कार्यमा विश्वास गर्दछ।
३. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि हामीले हाम्रो पापको क्षमा केवल येशू ख्रीष्टको छुटकारा दिने रगतद्वारा प्राप्त गर्दछौं।
४. मानमिन केन्द्रिय मण्डली येशू ख्रीष्टको पुनरुत्थान र स्वर्गारोहण, उहाँको दोस्रो आगमन र सहस्राब्दी र अनन्त स्वर्गमा विश्वास गर्दछ।
५. मानमिन केन्द्रिय मण्डलीका विश्वासीहरु हरेकपटक भेला हुँदा "प्रेरितहरुको विश्वासको सार" द्वारा आफ्नो विश्वास स्वीकार गर्दछन् र त्यसमा शब्दश: विश्वास गर्दछन्।

"किनभने उहाँ (परमेश्वर) ले नै मानिसहरुलाई जीवन, सास र सबै चिज दिनुहुन्छ।" (प्रेरित १७:२५)
"अरु कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन।" (प्रेरित ४:१२)

Nepali

मानमिन समाचार
मानमिन केन्द्रिय मण्डलीद्वारा प्रकाशित

२५३-गूरो-३ डूङ्ग, गूरो-गू, सियोल कोरिया (पोष्टल कोड ०८३८९)
फोन : ८२-२-८१८-७०४७, फ्याक्स: ८२-२-८१८-७०४८
http: //www.manmin.org/english
इमेल: manminministry@hotmail.com
प्रकाशक : जेरक ली
व्यवस्थापन सम्पादक : ग्यूमसून विन